# र्पाचौकी गाउँपालिकाको आ.व २०८०/०८१ को राजस्श परामर्श समितीको प्रतिवेदन

## २०८०

१. **भुमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भुमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

२. **घर जग्गा वहाल कर:** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

३. **व्यवसाय कर:** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

४. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन कर:** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

७. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

CamScanner

१०. <u>ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क:</u> गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. <u>सेवा शुल्क, दस्तुर:</u> गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. <u>पर्यटन शुल्क:</u> गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. <u>जरिवाना:</u> पुर्वीचौकी गाउपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक-सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहोरमैला गर्ने तथा प्रचलित कानुन विपरितका कार्य गर्नेलाइ अनुसुची (१३) बमोजिम जरिवाना गरिनेछ ।साथै पुर्वीचौकी गाँउ कार्यपालिकाले समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१४. <u>घर जग्गा रजिष्ट्रशन शुल्क:</u> पुर्वीचौकी गाउपालिका भित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन शुल्क प्रदेश कानुन वमोजिम हुनेछ ।

१५. <u>कर छुट:</u> यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसुची (१४) मा उल्लेख भए बमोजिम कर छुट दिईने छ ।

१६. <u>कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:</u> यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि पुर्वीचौकी गाउपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुची १

(धारा २ सँग सम्बन्धित)

| सि.न | शीर्षक | दर रु. मा | कैफियत |
|---|---|---|---|
| १ | मालपोत कर (प्रति रोपनी) | | |
| क | अब्बल | ५ | |
| ख | दोयम | ४ | |
| ग | सिम | ३ | |
| घ | चाहार | २ | |

## अनुसुची २

(धारा ३ सँग सम्वन्धित)

| सि.न | शीर्षक | दर रु. मा | कैफियत |
|---|---|---|---|

| २ | घर बहाल कर (प्रति वर्गफिट) | | |
|---|---|---|---|
| क | कच्ची घर | ०.१ | |
| ख | पक्की घर | ०.२५ | |

अनुसुची ३

(धारा ४ सँग सम्बन्धित)

| सि.न | शीर्षक | दर रु. मा | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय कर (प्रति पसल) | | |
| क | साधारण होटल तथा चिया पसल | ५१० | |
| ख | रेष्टुरेन्ट तथा लज | ५५० | |
| ग | किराना थोक पसल | ५१० | |
| घ | किराना खुद्रा पसल | २५० | |
| ङ | कपडा थोक पसल | ५१० | |
| च | कपडा खुद्रा पसल | २५० | |
| छ | पेट्रोल पम्प | २०००० | |
| ज | विधुतीय सामान तथा विधुतीय सामाग्री (टि.भी, घडी, मोबाइल, रेडियो) विक्री तथा मर्मत पसलहरु | ५१० | |
| झ | हेभि ईक्विमेन्ट (बस, ट्रक, कार, मोटर साइकल, टेम्पो, साइकल मर्मत, कारखाना तथा टायर मर्मत केन्द्र) | १०५० | |
| ञ | निर्माण सामाग्री पसल | ८५० | |
| ट | सुन चाँदी पसल | ५५० | |
| ठ | उनी धागो पसल | १५० | |
| ड | जुत्ता चप्पल पसल | २५० | |
| ढ | सपिङ सेन्टर | ३५० | |
| ण | श्रृगार पसल | २५० | |
| त | फर्निचर पसल | ५५० | |
| थ | भाडा गिफ्ट पसल | २५० | |
| द | केबुल नेटवर्किङ पसल | २५० | |
| ध | स्टेशनरि पसल | ५५० | |

| | | | |
|---|---|---|---|
| न | नर्सरी तथा फलफुलका विरुवा विक्री वितरण पसल | ६० | |
| प | तरकारी पसल | ६० | |
| फ | विज भण्डार पसल | ६० | |
| व | मासु पसल | ५५० | |
| भ | कपडा सिलाई पसल | १६० | |
| म | हेयर कटिङ पसल | ११० | |
| य | आर्ट पसल | ११० | |
| र | फोटो स्टुडियो पसल | २५० | |
| ल | रंगरोधन पसल | २५० | |
| व | चश्मा पसल | ११० | |
| श | मर्मत सम्मार | ११० | |
| ह | सुचिकृत फर्म | १००० | |

## अनुसुची ४

### (धारा ५ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत पुर्वीचौकी गाउपालिकाले प्रति ट्रक र ५०००। (पाँच हजार मात्र) कर असुल उपर गरिनेछ ।

## अनुसुची ५

### (धारा ६ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानुन बमोजिम कर लगाइने छ ।

## अनुसुची ६

### (धारा ७ सँग सम्बन्धित)

| सि.न | शीर्षक | दर रु. मा | कैफियत |
|---|---|---|---|
| १ | विज्ञापन कर | | |
| क | साइन बोर्ड, ग्लोब बोर्ड, स्टल आदिमा २५ वर्ग फिट भन्दा माथि | २२०० | |
| ख | साइन बोर्ड, ग्लोब वोर्ड, स्टल आदिमा २५ वर्ग फिट भन्दा सम्म | १५०० | |

## अनुसुची ७

(धारा ८ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानुन बमोजिम कर लगाइने छ । अन्यथा पुर्वीचोकी गाउँकार्यपालिकाले तोक बमोजिम हुनेछ ।

## अनुसुची ८

(धारा ९ सँग सम्बन्धित)

| सि.न | शीर्षक | दर रु. मा | कैफियत |
|---|---|---|---|
| कृषिजन्य उधोग (प्रति उधोग) | | | |
| क | कृषि वा वन पैदावारमा आधारित पसल, फर्निचर उधोग | ३५०० | |
| ख | कृषि तथा जडीवुटी | २५०० | |
| उर्जामुलुक उधोग | | | |
| क | वायो ग्यास तथा अन्य सौर्य प्रविधि र अन्य स्रोतहरु | २०० | |
| ख | उत्पादनमुलुक उधोग (पाउरोटी, चाउमिन) | ५५० | |
| ग | मिल | ५५० | |
| वित्तीय सेवा | | | |
| क | वित्तीय संस्था र सहकारी संस्था | १५० | |
| ख | रेमिटान्स सेवा | १५० | |
| स्वास्थ्य सेवा | | | |
| क | निजी तथा गैरसरकारी अस्पताल | २०० | |
| ख | क्लिनिक तथा ल्याव | ५५० | |
| निर्माण सेवा तर्फ | | | |
| क | निर्माण व्यवसाय दर्ता (घ वर्ग) | १०५० | |
| सञ्चार सेवा तर्फ | | | |
| क | निजी क्षेत्रका कुरियर, फयाक्स, ईमेल, इन्टरनेट र टेलिफोन | १५० | |
| विशेषज्ञ परामर्श र अन्य व्यवासायिक सेवा | | | |
| क | चिकित्सक विशेषज्ञ स्वास्थ्य सहायक, कविराज सेवा | ५५० | |
| ख | लफर्म सेवा | ५५० | |
| ग | कल्सल्टेन्सी फर्म | ५५० | |
| घ | अडिटर फर्म | ५५० | |

CamScanner

| | | | |
|---|---|---|---|
| अन्य व्यवसाय | | | |
| क. | कवाडी सामानको थोक विक्रेता | १०१०० | |
| सामान्य उधोग | | | |
| क | कटिङ ढुङ्गा उधोग | ५५० | |
| ख | ग्रिल उधोग | १०५० | |
| ग | अन्य उधोग | ५५० | |
| काठ ढुवानी कर (खयर वा सो सरहको काठ) | | | |
| क | ट्रक (प्रति) | ३५०० | |
| ख | ट्र्याक्टर (प्रति) | २५०० | |
| काठ ढुवानी कर (कुकाठ वा सो सरहको काठ) | | | |
| क | ट्रक (प्रति) | २५०० | |
| ख | ट्र्याक्टर (प्रति) | १५०० | |
| ग | बहाल/विरोटी शुल्क | ५०० | |
| घ | हाट बजार | ५०० | |
| प्राकृतिक साधन उपयोग कर | | | |
| क. | ढुङ्गा गिट्टी (प्रति हेभि ट्रक) | ५०० | |
| ख | ढुङ्गा गिट्टी (प्रति मिनी ट्रक) | ४०० | |
| ग | ढुङ्गा गिट्टी (प्रति हेभि ट्र्याक्टर) | २५० | |
| घ | बालुवा (प्रति ट्रक) हेभी | ५०० | |
| ङ | बालुवा (प्रति टयाक्टर) | ४०० | |
| च | छपनि सादा ढुङ्गा (प्रति टयाक्टर) | २५० | |
| छ | कालो तथा रातो माटो (प्रति टयाक्टर) | २५० | |
| व्यवसायिक कर (फिरफिरे) | | | |
| क | गाडीमा सामान घुमाएर वेच्नेहरुका लागि प्रति पटक | २५० | |
| खं | खाधान्न सामाग्री घुमाएर वेच्नेहरुका लागि प्रति पटक | २५० | |
| निकासी कर | | | |
| क | रागा, भैसी र बंगुर प्रति गोटा निकास | ५०० | |
| ख | खसी, बोका प्रति गोटा | १५० | |
| ग | हास कुखुरा र अन्य पशुपन्छी प्रति गोटा | १०० | |
| ध. | पोल्ट्रिफर्म सञ्चालन | ५५० | |

टः म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुबाट बुझाउनु पर्ने सम्पुर्ण व्यवसायकर र प्रति वर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसायकर असुल गरिनेछ ।

## अनुसुची ९
### (धारा १० सँग सम्बन्धित)

| सि.न | शीर्षक | दर रु. मा | कैफियत |
|---|---|---|---|
| पार्किङ शुल्क | | | |
| क | ठुला सवारी साधन प्रति घण्टा | १० | |
| ख | साना सवारी साधन प्रति घण्टा | ५ | |
| | | १५ | |

## अनुसुची १०
### (धारा ११ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत प्रदेश कानुनले तोके बमोजिम हुनेछ ।

## अनुसुची ११
### (धारा १२ सँग सम्बन्धित)

आ.व. २०८०/०८१ का लागि गाउँपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको देहाय बमोजिमका निवेदन फाराम, निवेदन दस्तुर र सिंफारिस दस्तुर लाग्ने छ ।

| क.स | विवरण | दस्तुर |
|---|---|---|
| १ | घर जग्गा नामसारी | ५०० |
| २ | मोही लागत कट्टा | १००० |
| ३ | घर कायम सिफारिस | ५०० |
| ४ | छात्रवृत्री सिफारिस | नलाग्ने |
| ५ | विपन्न विधार्थी छात्रवृत्ति | नलाग्ने |
| ६ | अपाङ्ग स्फिाँरिस | नलाग्ने |
| ७ | अस्थायी बसोवास सिफारिस | १००० |
| ८ | स्थायी बसोबास सिफारिस | ५०० |
| ९ | नागरिकता सिफारिस | १०० |
| १० | अंगीकृत नागरिकता सिफारिस | ५०० |



CamScanner

| | | |
|---|---|---|
| ११ | आर्थिक अवस्था कमजोर सिफाँरिस | नलाग्ने |
| १२ | आर्थिक अवस्था कमजोर सिफाँरिस बलियो | १००० |
| १३ | विधुत जडान सिफाँरिस (नक्सा पास भएको) | १०० |
| १४ | विधुत जडान सिफाँरिस (नक्सा पास नभएको) | १५० |
| १५ | धारा जडान सिफारिस (नक्सा पास भएको) | १०० |
| १६ | धारा जडान सिफारिस (नक्सा पास नभएको) | १५० |
| १७ | जिवित रहेको सिफारिस | २०० |
| १८ | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित प्रति लाख | ५०० |
| १९ | व्यवसाय बन्द सिफारिस | ५०० |
| २० | व्यवसाय सञ्चालन नभएको सिफारिस | २०० |
| २१ | अदालत शुल्क मिनाहा सिफारिस | नलाग्ने |
| २२ | नाबालक सम्बन्धी सिफारिस | ५० |
| २३ | चौपाया ओसार पसार सम्बन्धी सिफारिस | १५०० |
| २४ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | १०० |
| २५ | उधोग ठाउसारी सिफारिस | १०५० |
| २६ | विधालय ठाउसारी सिफारिस | १०५० |
| २७ | आन्तरिक बसाईसराई सिफाँरिस | २०० |
| २८ | विधालय कक्षा वृद्धि सिफारिस (निजी) | २२०० |
| २९ | पुर्व प्राथमिक विधालय खोल्ने सिफारिस/अनुमती निजी | २२०० |
| ३० | व्यक्तिगत विवरण सिफारिस | १०० |
| ३१ | जग्गा दर्ता सिफाँरिस | १०० |
| ३२ | संरक्षक सिफाँरिस (व्यक्तिगत) | नलाग्ने |
| ३३ | सरकारको नामा बाटो कायम सिफारिस | ५०० |
| ३४ | नाता प्रमाणित | १०० |
| ३५ | नाता प्रमाणित गर्नुपर्नेको हकमा | २०० |
| ३६ | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | ५०० |
| ३७ | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | नलाग्ने |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने पर्ने | नलाग्ने |
| ३९ | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा सिफारिस | २००० |

| | | |
|---|---|---|
| ४० | संस्था दर्ता सिफारिस (नाफामुखी) | १०५० |
| ४१ | संस्था दर्ता सिफारिस (गैर नाफामुखी) | ५०० |
| ४२ | संस्था नवीकरण | ५०० |
| ४३ | संस्था नवीकरण (गैर नाफामुखी) | २०० |
| ४४ | फर्म दर्ता सिफारिस (घ वर्ग) | २५००/५५०० |
| ४५ | फर्म नवीक्ररण (घ वर्ग) | १५००/२५०० |
| ४६ | घर वाटो प्रमाणित (मुल सडक अन्तरगत) | ५०० |
| ४७ | चार किल्ला प्रमाणित | ५०० |
| ४८ | जन्म दर्ता प्रमाणित | २५० हराएमा ५०० |
| ४९ | विवाह दर्ता प्रमाणित | १०० |
| ५० | फरक फरक नाम, थर प्रमाणित सिफारिस | १५० |
| ५१ | फरक फरक जन्म मिति प्रमाणित सिफारिस | २५० |
| ५२ | कागज/मञ्जुरीनामा प्रमाणित | २०० |
| ५३ | हकदार प्रमाणित | २५० |
| ५४ | अविवाहित प्रमाणित | १५० |
| ५५ | जग्गा धनी पुर्जा हराएको सिफारिस | १५० |
| ५६ | मिलापत्र कागज गराउने (दुवै पक्षबाट ५००) | १००० |
| ५७ | जन्म/मृत्यु/बसाईसराई/सम्वन्ध विच्छेद दर्ता | २५० (३५ दिन सम्म निशुल्क) |
| ५८ | प्रमाणीकरण (भेरिफिकेशन) | १०० |
| ५९ | बन्द कोठा खोल्ने रोहवरमा | १०० |
| ६० | नयाँ मदिरा सिफारिस (डिलर) | १५००० |
| ६१ | नयाँ मदिरा सिफारिस (फुटकर) | १०००० |
| ६२ | मदिरा नवीकरण (डिलर) | ५००० |
| ६३ | मदिरा नवीकरण (फुटकर) | ३००० |
| ६४ | बाखाको उपचार वाफत (प्रति बाखा) | ५ |
| ६५ | पशु उपचार बाफत (प्रति पशु) | १० |
| ६६ | कुकुर, विरालो, घोडा र खच्चर (प्रति) | २५ |
| ६७ | कुखुराको पोष्टमार्टम | ५० |
| ६८ | गुठीको नामसारी तथा सेयर खरिद | ५०० |

CamScanner

| | | |
|---|---|---|
| | कुकुर, बिरालो, घोडा र खच्चर (प्रति) | २५ |
| | कुखुराको पोष्टमार्टम | ५० |
| ६८ | गुठीको नामसारी तथा सेयर खरिद | ५०० |
| ६९ | एक्सरे | ३०० |
| ७० | ECG मेसिन प्रयोग | ५०० |
| ७१ | भिडियो एक्सरे | ४०० |
| ७२ | फर्म दर्ता | ६५० |
| ७३ | नवीकरण | ५०० |
| ७४ | भेडा च्याङ्ग्रा डुलाई घुमाई चरि चराउने (प्रति गोटा) | ५ |
| ७५ | एक्जाभेटर भाडा : (इन्धन बाहेक) | |
| | (क) प्रति कार्यदिन भित्र (८ घण्टा) प्रति घण्टा बकेट | ३००० |
| | (ख) प्रति कार्यदिन भित्र (८ घण्टा बाहेक) प्रति घण्टा बकेट | ३५०० |
| | (ग) प्रति कार्य दिन (८ घण्टा) प्रति घण्टा ब्रेकर | ४००० |
| | (घ) (घ) प्रति कार्यदिन भित्र (८ घण्टा बाहेक) प्रति घण्टा ब्रेकर | ४५०० |
| | (ङ) भाडा लिई काम नगरि बसेको (Ideal time) प्रति दिन | १००० |
| ७६ | नक्सा पासको लागि सिफारिस दस्तुर (वडा कार्यालय) (पालिकामा सुचिकृत भई मान्यता प्राप्त फर्मबाट मात्र बनाएको नक्सालाई मान्यता दिइनेछ ) | १००० |
| ७७ | पालिकामा घर नक्सा पास गर्नको लागि (प्रति १ वर्गमिटर) | |
| | (क) एक तलाको लागि (प्रति वर्गमिटर) | १५ |
| | (ख) दोस्रो तलाको लागि (प्रति वर्गमिटर) | १६ |
| | (ग) तेस्रो वा सो भन्दा माथि तलाको लागि (प्रति वर्गमिटर) | १८ |



CamScanner

## अनुसुची १२

### (धारा १३ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट प्रदेश कानुनले तोके बमोजिम कर लाग्नेछ ।

## अनुसुची १३

### (धारा १४ सँग सम्बन्धित)

पुर्वीचौकी गाउपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहोरमैला गर्ने तथा प्रचलित कानुन विपरितका कार्य गर्नेलाई प्रदेश कानुनले तोके बमोजिम जरिवान असुल गरिनेछ ।

## अनुसुची १४

### (धारा १६ सँग सम्बन्धित)

यो ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई प्रदेश कानुन बमोजिम कर छुट दिईने छ।